# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

*विद्यालय वर्ष 2019-20*

## शैक्षिक प्रगतिको मापन (Measures of Academic Progress वा MAP)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

MAP को मूल्याङ्कन गणित, पठन र भाषाको प्रयोगको अनलाइन जाँच हो जुन विद्यार्थीको क्षमतामा आधारित हुन्छ । Colorado राज्यको आवश्यकता अनुसार पाथवे विद्यालयमा भर्ना भएका ग्रेड 6-12 का सबै विद्यार्थीहरूको जाँच लिइन्छ । मूल्याङ्कनहरू समय अनुसार नियमित रूपमा प्रयोग गर्दा यसले महत्त्वपूर्ण शिक्षण लाभहरू प्रदान गर्छ किन कि प्रत्येक विद्यार्थी वा सम्पूर्ण ग्रेड स्तरले यी विषय क्षेत्रहरूमा सन्तोषजनक प्रगति गरिरहेका छन् कि छैनन् भनेर पत्ता लगाउन सकिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

प्रत्येक वर्ष 3 वटा परीक्षण अवधि हुन्छ (वसन्त, जाडोयाम, र वसन्त) । प्रत्येक अवधिको दौरान, MAP को प्रत्येक विषय क्षेत्रमा तपाईंको बच्चाको जाँच लिइनेछ । प्रत्येक जाँच लगभग 50 मिनेटको हुन्छ । विद्यालयलाई परीक्षणको तालिका निर्धारण गर्ने सहजता प्रदान गर्न परीक्षण अवधि जानीजानी लामो बनाइएको हुन्छ । तपाईंको बच्चाले जाँच दिने परीक्षण अवधिको निश्चित मितिको लागि विद्यालयमा सिधा सम्पर्क गर्नुहोस् ।

**परीक्षण अवधि**

परीक्षण अवधि एउटा यस्तो समयावधि हो जहाँ तपाईंको बच्चाले कुनै दिन जाँच दिन्छन् भने अर्को कुनै दिन निर्देशन प्राप्त गर्छन् । विद्यार्थीहरूले सम्पूर्ण अवधिभर जाँच दिनु पर्दैन । आफ्नो बच्चाको जाँचको निश्चित मितिका लागि कृपया बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

| | |
|---|---|
| शरद | अगस्त – नोभेम्बर |
| जाडोयाम | डिसेम्बर – फेब्रुअरी |
| वसन्त | मार्च – जून |

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

मूल्याङ्कनहरू नतिजाहरूले तपाईंका बच्चाले प्रत्येक मानक भित्रका अवधारणाहरू र सीपहरू कतिको राम्रोसँग सिकिरहेका छन् भन्ने कुराको महत्त्वपूर्ण मापन प्रदान गर्छ ताकी तपाईंका बच्चा आफ्नो वर्तमान ग्रेडमा सफल बन्न र वर्षै पिच्छे शैक्षिक प्रगति गरिरहन सकुन् ।

तपाईंका बच्चाले MAP मूल्याङ्कनका लागि प्रत्येक विषय क्षेत्रमा RIT अङ्क प्राप्त गर्ने छन् जसले विद्यार्थीलाई के आउँछ के आउँदैन, विद्यार्थी कुन कुरा सिक्न तयार छन्, र विद्यार्थी कुन उपलब्धि हासिल गर्न अग्रसर छन् भनेर सङ्केत गर्नेछ । यो अङ्क वर्षभरिको विकास निर्धारण गर्न र तपाईंको बच्चाको विकास उसका शैक्षिक सहकर्मीहरू वा राज्यको गुणस्तरसँग तुलना गर्न प्रयोग गर्न सकिन्छ । आफ्नो विद्यार्थीको RIT को अङ्कको बारेमा थप विस्तृत जानकारीका लागि, कृपया आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

MAP मूल्याङ्कनका अङ्कहरू विद्यार्थीका आवश्यकताहरू अनुसार विद्यार्थीलाई निर्देशन प्रदान गर्न तपाईंका विद्यार्थीका शिक्षकद्वारा प्रयोग गरिन्छ । अङ्कहरू राज्य वा विद्यालय कार्यसम्पादन संरचनाको जबाफदेहिताका लागि पनि प्रयोग गर्न सकिन्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।